# जिल्ला समन्वय समितिको कार्यालय

## हेटौंडा, मकवानपुर

पत्र संख्या :-

**बागमती प्रदेश, नेपाल**

चलानी नं. :-

मिति :- २०७७/१२/१६

**नदिजन्य तथा खानीजन्य जिल्ला अनुगमन समितिको अत्यन्त जरुरी सूचना**

नदिजन्य तथा खानीजन्य जिल्ला अनुगमन समिति मकवानपुरको मिति ०७७ चैत्र ११ गते बसेको बैठकले जिल्लाका विभिन्न नदि तथा खोलाहरुमा नियम विपरित र अवैधानीक तरिकाले 'नदिजन्य पदार्थको उत्खनन् गरिएको र अनुमति प्राप्त नगरि अनाधिकृत रुपमा संचालित क्रसर उद्योग तथा बालुवा प्लान्टहरु, एक उद्धेश्यको लागि अनुमति लिई अर्को काम गरेको र एक स्थानमा संचालन गर्ने अनुमति लिई अर्को स्थानमा बालुवा प्लान्ट तथा क्रसर उद्योगहरु संचालित रहेको भन्ने सूचनाका आधारमा त्यस्ता बालुवा प्लान्ट तथा क्रसर उद्योहरु बन्द गर्ने निर्णय गरेको हुँदा, त्यस्ता नियम विपरित बनेका र सञ्चालित बालुवा उद्योग तथा क्रसर उद्योगहरु संचालन नगर्न/नगारउन सम्बन्धीत सबैमा यो सुचना जारी गरिएको छ। साथै स्थानीय तहले तोकिदिएको मापदण्ड लागु गरी उद्योग संचालन गर्न/गराउन हुन सुचित गरिन्छ ।

**पूनश्चः नियम विपरित उत्खन्न एवम् संचालन भएको पाईएमा कानुन बमोजिम कडा कारबाहि हुने व्योहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ ।**

फोन:०५७-२०३५०,०५७-२०९५० फ्याक्स:०५७-२१६७३ वेवसाईट:www.ddcmakwanpur.gov.np
ईमेल:info@ddcmakwanpur.gov.np फेसबुक:www.facebook.com/DDCM...